# दाऊद द्ध




बसन्त ऋतुमा दाऊदले लडाइँको निम्ति सेनाको नेतृत्व गर्नु पर्नेथ्यो तर उनी दरबारमै बसिरहे। दरबारको कौसीबाट उनले एउटी सुन्दर स्त्रीलाई नुहाइरहेकी देखिन्।
ती स्त्रीलाई मकहाँ लिएर आऊ।
तर महाराज, उनी उऱियाहकी पत्नी हुन् र हजूरको एक शूरवीरकी छोरी हुन्।
राजाले मलाई बोलाएको?
हो, मसँग आउनुहोस्।
धेरै हप्ताहरूपछि......
म गर्भवती भएँ।
दाऊदले सार्वजनिक लाजबाट जोगिन अनि बेतशेबालाई ढुङ्गाले हानिनबाट जोगाउन एउटा योजना रचे।
योआब सेनापतिकहाँ जाऊ र मेरा सैनिक हित्ती उरियाहलाई मकहाँ पठाइदिन भन।


दाऊदले युद्धको बारेमा उनीसित सोधे । अनि उनले भने.....
तिमी लामो दूरी यात्रा गरेका आएका छौ । घर जाऊ र तिम्री पत्नीसित होऊ ।
तर उरियाह गएर दरबारको मूलद्वारमा सुते ।
गए राति तिमी किन घर गएनौ ?
राजाका मानिसहरू खुला मैदानमा सुतिरहेका थिए अनि म चाहिँ कसरी आफ्नी पत्नीसित सुत्न सक्थेँ र ?
उरियाह रक्सी खाएर घर गई आफ्नी पत्नीसित सुत्न जानेछ अनि सबैले बेथशेबा आफ्नो पतिद्वारा गर्भवती भएको हो भनी सोच्नेछन् भनी दाऊदले आशा गरेका थिए ।
तर आफ्नो पाप ढाकछोप गर्ने दाऊदको योजना असफल भयो किनकि उरियाह गएर दरबारको बाहिर सुते ।

२ शमूएल ११:६-१४


ढिलो नगरी यो आबलाई यो चिठ्ठी देऊ।
मेरो सैनिक उरियाहलाई जहाँ युद्ध बेसरी मच्चिएको छ, त्यसको मुखैमा तैनाथ गरिदेऊ।
त्यसपछि तिमीहरू चाहिँ पछि हट र ऊ चाहिँ मरोस्।
सैनिकहरूलाई पछि हट्न भन।
राजधानी फर्क र यो समाचार राजालाई सुनाइदेऊ।
उहाँको क्रोध दन्कियो भने उहाँलाई भनिदिनू कि हित्ती उरियाह पनि मरे।




२ शमूएल ११:१८–२७


परमप्रभुले नातान अगमवक्तालाई दाऊदकहाँ पठाउनुभयो र उनले बुझ्ने गरी एउटा दृष्टान्त बताउन लाउनुभयो ।
महाराज, तपाईंलाई एउटा घटनाको बारेमा मैले जानकारी गराउनुछ ।
एउटा सहरमा एउटा धनी मानिस थिए र उनका धेरै भेडाहरू थिए । त्यसै सहरमा एउटा गरीब मानिस बस्दथे र उनीसित एउटै पाठी थिए र त्यो उनको परिवारसित हुर्केको थियो ।
एकदिन एउटा यात्रु त्यस धनी मानिसको घरमा आयो तर खाना तयार गर्न उनले आफ्नो भेडा मारेनन् । उनले त्यस गरीब मानिससित भएको एउटै पाठी खोसे र भोजनको रुपमा पाहुनालाई टक्र्याए ।
जीवित परमेश्वरको नाउँमा म भन्दछु, यस्तो काम गर्ने मान्छे मारिनको योग्य छ !
त्यसले दयामाया नगरेर यस्तो काम गरेबापत त्यस पाठीको साटो चार गुणा तिर्नुपर्छ ।



तपाईं नै त्यो मानिस हुनुहुन्छ !
"परमप्रभु इस्राएलका परमेश्‍वर हुनुहुन्छ : मैले तँलाई इस्राएमाथि राजा अभिषेक गरेँ र शाऊलको हातबाट तँलाई छुटाएँ......मैले तँलाई तेरो मालिकको घराना दिएँ र त्यसका पत्नीहरू तेरै हुनलाई दिएँ ।"
"मैले तँलाई इस्राएलका घराना र यहूदाको घराना दिएँ ।"
"यतिले पनि नपुगेको भए म तँलाई अझ धेरै दिने थिएँ ।"
"परमप्रभुको दृष्टिमा जे खराब छ त्यही गरेर किन तैँले उहाँको वचनलाई तुच्छ ठानिस् ?"
"तैँले अम्मोनीहरूको तरवारले उरियाहलाई मारिस् तर तेरो घर ानाले कहिल्यै तरवारबाट विश्राम पाउनेछैनस् किनकि उरियाहकी पत्नीलाई आफ्नो तुल्याएर तैंले मलाई तुच्छ ठानिस् । "
परमप्रभु भन्नुहुन्छ, "हेर् म तेरो आफ्नै घरानाभित्रबाट तँमाथि विपद् ल्याउनेछु । म तेरा पत्नीहरूलाई लिएर तेरै आँखाको सामुन्ने तेरो नजिकको मानिसलाई दिनेछु, र त्यसो दिउँसै तिनीहरूसित सुत्नेछ ।"
"तैँले जे गरिस् त्यो गुप्तमा गरिस्, तर म यो चाहिँ सारा इस्राएलले देख्ने गरी दिनको उज्यालोमा गर्नेछु "


मैले पाप गरेको छु ।
परमप्रभुले तपाईंको पाप लगिदिनुभएको छ । तपाईं मर्नुहुनेछैन ।
तर यस कामद्वारा तपाईंले परमप्रभुलाई तुच्छ ठान्नुभएकोले तपाईंबाट जन्मेको छोरोचाहिँ मर्नेछ ।
नातान आफ्नो घर फर्केपछि बच्चा बिरामी पर्‍यो ।
दाऊद घरभित्र गए र उपवाससहित प्रार्थना गरे ।
बच्चा मर्‍यो भनी हामीले राजालाई भन्नुहुँदैन । बच्चा जिउँदो छँदै उहाँले केही खानुभएको थिएन, अब उहाँले के गर्नुहोला ?
बच्चा मरेको खबर हामीले उहाँलाई दियौँ भने उहाँले बेचैन भएर आफैलाई हानि गर्नुहोला नि ।
के बच्चा मरे र ?
हो, महाराज ।
तब दाऊद भुइँबाट उठे, स्नान गरेर तेल लाए र परमप्रभुको मन्दिरमा गएर आराधना गरे ।



अब बच्चा मरे, अनि हजूर चाहिँ उठेर खाना बस्नुहुन्छ !
हजूरले किन यस्तो व्यवहार गर्नुभएको ?
जब बच्चा जिउँदा थिए, तब हजूरले
बच्चा जिउँदो छँदा म उपवास बसैँ र विलाप गरैँ किनकि पर मप्रभुले ममाथि अनुग्रह गर्नुहुन्छ र बालक बाँच्छ होला भनी मैले सोचेको थिएँ ।
अब त्यो मरिहाल्यो, तब किन फेरि म उपवास बस्ने ?
म त्यसकहाँ जानेछु, तर त्यो फर्की आउनेछैन ।
दाऊदले आफ्नी पत्नीलाई सान्त्वना दिए र पछि तिनले सुलेमान नाउँका एउटा छोरा जन्माइन् ।
योआबबाट सन्देश पाएर दाऊद बाँकी सेना लिएर अम्मोनीहरूको सहर रब्बालाई आक्रमण गर्न हिँडे ।
दाऊदले उनीहरूका राजाबाट शिरपेच लिए र त्यस सहरका मानिसहरूलाई चाहिँ सबै अम्मोनी सहरहरूमा दाऊदको निम्ति मजदूरको काम गर्न लगाइयो ।


केही समयपछि........
अमनोन, के तिमीलाई तिम्री सौतेली बहिनी तामार मनपर्छ ?
योनादाब, मनपर्छ मात्र होइन, म त एकछिन पनि मेरो आँखा उनीबाट हटाउन सक्तिनँ । म त उनीसँगै निरन्तर भइरहेको कल्पना गरिरहन्छु ।
अमनोन तिमी किन हताश छौ ? तिमी त एकदम दयनीय देखिन्छौ ।
म मेरा भाइ अब्शालोकी बहिनी तामारसँग प्रेममा फसेको छु । तर ऊनीसित एक्लै भेट्न वा नजिक हुन मेरो लागि असम्भव छ ।
त्यो समाधान गर्न सजिलो छ ।
तिमी बिरामी भएको बहाना गरेर ओछ्यानमा गएर सुतिराख अनि तिम्रो लागि केही विशेष रोटी बनाइदिन उसलाई पठाइदिनू भनी राजालाई अनुरोध गर ।
तिमीहरू सबै कोठा छोडेर जाओ ।
ए नानी, आऊ मसित सुत !
होइन, त्यस्तो नीच काम नगरौँ ! इस्राएलमा त्यस्तो काम कहिल्यै गरिनुहुन्न !



बाहिर जाऊ। मेरो कोठाबाट बाहिर गइहाल!
अँहँ! मलाई यसरी निकाल्नु तपाईंले मसित गर्नुभएको कामभन्दा झन् नीच कुरा हो।
हे चाकरहरू हो, यस स्त्रीलाई अहिल्यै निकालेर पठाऊ!
उनी सीधै आफ्नो भाइ अब्शालोमकहाँ गइन्।
बहिनी, के भयो? कसरी तिम्रो वस्त्र च्यातियो?
हाम्रा सौतले भाइ अमनोनले मलाई जर्बजस्ती करणी गरेर मलाई अपमानित गरेको छ।
जब राजा दाऊदले यो कुरा सुने, तब उनी क्रोधित भए......तर यो अपराधको लागि अमनोनलाई सजाय दिन उनले केही गरेनन्।
तर अब्शालोमका अरू यो जनाहरू थिए.......
मेरी बहिनी, तिमी मेरो घरको छतमुनि सुरक्षित रहनेछौ।
दुई वर्षपछि जब राजाका छोराहरू एउटा भोजको लागि जम्मा भए, तब अब्शालोमले आफ्नो बदला लिए।
अब्शालोमले बदला लिइछाडे।
उसकी बहिनी तामारको खातिर।
अब्शालोमले प्रतिशोधस्वरुप अमनोनको हत्या गर्न लगाएका थिए। हत्यापछि उनी भागेर गए र तीन वर्षसम्म निर्वासित भए।


राजा दाऊद आफ्ना छोरा अब्शालोमलाई भेट्न व्यग्र छन् भनी राजाका सेनापति योआबलाई थाहा थियो ।
त्यसैले योआबले एउटा धूर्त योजना रचे । उनले एउटा स्त्रीलाई बोलाएर राजा दाऊदलाई दुई छोराहरूको कथा सुनाउनका निम्ति निर्देशन दिए ।
यसो भन्दा तिमीले पक्कै राजाको ध्यानाकर्षण गर्नेछौ
तब राजाले आफ्नो छोरा अब्शालोमलाई आफ्नो राज्यमा फर्कन अनुमति दिनेछन् ।
के यो कथाको पछाडि योआबको हात छ ? मेरा छोरा अब्शालोमको परिस्थिति परिवर्तन गर्न उनले खोजेका होइनन् र ?
राजाको नजरबाट केही लुक्न सक्तैन । हजूरसित राजाको बुद्धि छ ।
ठीक छ । योआबलाई भित्र पठाऊ ।
तिमीले अब्शालोमलाई फर्काइ ल्याउनसक्छौ तर ऊ आफ्नै घरमा बस्नुपर्छ ।
हजूरले मेरो बिन्ती स्वीकार गर्नुभएकोले मैले हजूरको निगाह प्राप्त गरेँ भनी मलाई थाहा भयो ।
हो, तर त्यो मेरो उपस्थितिमा चाहिँ नआओस् ।
यसरी आफ्नो भाइलाई हत्या गरेर पनि अब्शालोम यरूशलेम फर्कन पाए । उनी रूपमा अत्यन्तै सुन्दर भएकोले इस्राएलका सारा मानिसहरूले उनलाई प्रशंसा गर्थे ।


दुई वर्षसम्म आफ्नो बाबुको अनुहार देख्न नपाएको ले उहाँलाई भेट्न पाऊँ भनी तिनले योआबलाई पठाएका अनुरोधहरूलाई उनले बेवास्ता गरेकोले उनको ध्यानाकर्षण गर्न उनले एउटा उपाय रचे ।
किन तिमीले मेरो बारीमा आगो लगाइदिनुभयो ?
मैले तपाईंलाई मलाई भेट्नू भनी खबर पठाएको थिएँ नि !
म यहाँ बसेको २ वर्ष भैसक्यो । म राजालाई भेट्न चाहान्छु । मैले केही दोष गरेको भए उहाँले मलाई मारून् ।
ठीक छ, म तिम्रो बुबा राजालाई बताइदिनेछु ।
दाऊदले सेनापतिका कुरा सुने र अब्शालोमलाई यरूशलेम फर्कन अनुमति दिए ।
तर यसले परिस्थितिलाई राजकीय षडयन्त्रतर्फ डोऱ्यायो ।
यदि म यस देशको न्यायाधीश भएको भए म हरेक मानिसको ठीक इन्साफ गरिदिन्थेँ ।
जब मानिसहरू राजाकहाँ अर्जीहरू लिएर आउँथे, तब उनीहरूको कुरा सुन्ने कोही छैनन् भनी अब्शालोम उनीहरूलाई फर्काउँथे । निन्दा र चाप्लूसीद्वारा अब्शालोम मानिसहरूलाई आफूतिर आकर्षित गर्थे र उनीहरूको हृदय जित्थे ।
आफ्नो राजकीय छविलाई उच्च राख्न अब्शालोमसित एउटा रथ र घोडाहरू र यरूशलेमभरि आफ्नो अगिअगि दगुर्नलाई पचास जना मानिसहरू थिए ।
उनले इस्राएलका मानिसहरूको मन दाऊदबाट आफूतिर खिँचे र आफैलाई राजा घोषणा गर्दै सबैतिर सन्देशहरू पठाए ।

२ शमूएल १५:१-१२






२ शमूएल १५:१३-३६


सन्दूकलाई सहर फर्काएर लग। यदि परमप्रभुको निगाह ममाथि रह्यो भने उहाँले मलाई फर्काएर ल्याउनुहुनेछ र म फेरि यसलाई देख्न पाउनेछु।
मेरा मित्र हुशै, अब्शालोमका सल्लाहकार अहीतोपेलको सल्लाहलाई व्यर्थ तुल्याउन तिमीले मलाई सहायता गर्न सक्नेछौ।
हे प्रभु, अहीतोपेलको सल्लाहलाई व्यर्थ तुल्याइदिनुहोस्।
तिनीहरू डाँडाको टाकुरालाई पार गरेपछि, शाऊलका नाति अनि जोनाथनका छोरा मपीबोशेतसँग तिनीहरूको भेट भयो।
तिमीले यो सबै किन ल्यायौ?
गधाहरू चाहिँ राजाका परिवारका सवारीको निम्ति, रोटी हजूरका मानिसहरूका खानको निम्ति।
तिम्रा मालिक मपीबोशेथ कहाँ छन्?
उहाँ त यरूशलेममै छन् किनभने इस्राएलको घरानाले उनलाई आफ्ना बाजेको सिंहासन फिर्ता गरिदिनेछ भनी उनले सम्झेका छन्।
तिम्रा मालिक मपीबोशेथका सबै थोक तिमीले पाउनेछौ।
म हजूर, मेरा महाराज, म दण्डवत् गर्छु, हजूरको दृष्टिमा निगाह पाऊँ।



तर सबैले यसरी सोचेनन् ।
जा जा, ए हत्यारा ! ए बदमाश !
तैँले बगाएको रगतको निम्ति परमेश्वरले तँलाई बदला लिँदै हुनुहुन्छ । तँ बरबाद हुन लागेको छस् !
यो मरेको कुकुरले किन हजूरलाई सराप्ने ? म एउटै प्रहारमा त्यसको टाउको उडाइदिन्छु ।
मलाई सराप्न सायद परमेश्वरले नै त्यसलाई भन्नुभएको छ ।
अब्शालोम मेरो आफ्नै छोराले मेरो ज्यान लिन खोज्छ भने यस बेन्यामीनीको त के कुरा गर्नु ?
त्यसलाई छोडिदेओ ।
सायद आजको दिन मलाई यो सरापको सट्टामा परमप्रभुले मेरो कष्ट हेर्नुहुनेछ र मलाई आशिष दिनुहुनेछ ।




२ शमूएल १६:५-१४


राजा दीर्घायु रहून् !
तिम्रा मित्रलाई देखाएको प्रेम यही हो? तिमी उहाँसँग किन गएनौ ?
अहीतोपेल बेथशेबाका बाजे थिए र सायद दाऊदसित बदला लिने मौका यही नै हो भनी उनले सोचेका थिए ।
उनलाई सबैले आदर गर्दथे र उनको सल्लाहलाई यति राम्रो मानिन्थ्यो कि त्यसलाई 'परमेश्वरको सल्लाह' जतिकै ठानिन्थ्यो ।
म मानिसहरूले चुनेका राजाको सेवा गर्छु । जस्तो मैले पिताको सेवा गरेँ, त्यसरी म छोराको सेवा गर्छु ।
राजा दीर्घायु रहून् !
अन्त्यमा, प्रजाको कुरा सुन्ने मानिस आएछ !
उनको राज्य लामो होस् !
तपाईंका सल्लाह ?
तपाईंका बुबाको नाकमा एउटा दुर्गन्ध भइदिनुहोस् र तपाईंको पछि लाग्नेहरूको हात अझै बलियो हुनेछ ।
उहाँको राज्य लिएर त्यो काम त मैले अघि नै गरिसकें नि ।


अझै अघि बढेर उहाँलाई अपमानित गर्नुहोस् ।
उहाँले दरबार रेखदेख गर्न आफ्ना १० उपपत्नीहरू छोडेर जानुभएको छ ।
दरबारको कौसीमा एउटा पाल टाँग्नुहोस् र सारा इस्राएलको अगाडि तिनीहरूसित सुत्नुहोस् ।
तब.....तपाईं आफ्नो बुबाको नाकमा दुर्गन्ध हुनुहुनेछ ।
राजा दाऊदका उपपत्नीहरू अब अब्शालोमका भए ।
अब अब्शालोम आफ्नै पिताको सामु घिनलाग्दो हुनेछ ।
कसको नजरको अगाडि पाप गरेको हो, त्यसको सरोकार अब्शालोमले राख्नुपर्ने थिएन किनकि सारा इस्राएलको अघि उनले अहिले गरिरहेको पाप पवित्र परमेश्वरले देख्नुहुन्छ नै....उसको पतन निश्चित छ।



ठीक हो । तब राज्य राजाको हातमा बलियोसँग आउनेछ ।
तिम्रा पिता थाकेर हैरान भएको बेला तिनलाई हमला गर्नुहोस् ।
तिनलाई आतङ्कित बनाउनुहोस् र तिनीसँग भएका सबै मानिस तितरबितर हुनेछन् ।
राम्रो सल्लाह हो तर म अरकी हुशैले दिएको सल्लाह पनि सुन्न चाहान्छु ।
तपाइँ के भन्नुहुन्छ ?
तपाईंको बुबा र उहाँका मानिसहरू अनुभवी योद्धाहरू हुन् ।
तिनीहरू अहिले बच्चा खोसिएका भालूहरू जस्ता भएका छन् ।
र, तपाईंका बुबा अनुभवी योद्धा हुनुहुन्छ । उहाँ राती सेनासित बस्नुहुनेछैन ।
यदि उहाँले पहिले तपाईंलाई हमला गर्नुभयो भने, यो कुरा सुन्ने मानिसहरूले भन्नेछन् कि अब्शालोमको पछि लाग्ने फौजहरू त नष्ट भएछन् ।
म त यो सल्लाह दिन्छु कि समुद्रका बालुवाका कणजस्तै इस्राएलका सारा फौजलाई जम्मा गर्नुहोस्
तब तिनीहरूलाई युद्धमा लिएर जानुहोस् र भूइँमा परेको शीत झैँ दाऊद र उनका मानिसहरूमाथि ओइरिनुहोस् ।
तपाईंको सल्लाह राम्रो छ । म यही गर्नेछु ।
जब अहीतोपेलले आफ्नो सल्लाह नमानेको देखे, तब उनी घर गएर झुण्डेर मरे ।
हुशैले पूजाहारीहरू सादोक र अबियाथारसित भेट गरे ।
मरुभूमिका जंघारहरूमा नबस्नू तर पारि गइहाल्नू भनी दाऊदलाई भनिदिनू ।
साथै उनको विरुद्धमा अब्शालोमले शक्तिशाली सेना जम्मा गरिरहेको खबर पनि दिनू ।


हुशैको सल्लाहले दाऊदलाई आफ्नो सेना संगठित गर्ने समय
उनले आफ्नो फौजलाई योआब, अबीशै र गित्ती इत्तैको अधीनमा तीन भागमा विभक्त गरे।
र उनले सबै सेनापतिहरू र फौजलाई स्पष्ट निर्देशन दिए.......
अब्शालोमसित चाहिँ मेरो खातिर नरम व्यवहार गर्नू ।
म पनि तिमीहरूसित लडाइँमा जानेछु।
होइन, हजूर त हामी दश हजार बराबर हुनुहुन्छ। हामी आधै मर्‍यौँ भने पनि उनीहरूले वास्ता गर्नेछैन। तिनीहरूले तपाईंलाई खोजेका छन्।
लडाइँ एफ्राइमको वनमा भयो। त्यस दिन बीस हजार मानिसहरू मारिए र वनमा नष्ट भएकाहरू तरवारले मर्ने मानिसहरूभन्दा धेरै थिए।
दाऊदका मानिसहरूले अब्शालोमलाई नपत्याउँदो अवस्थामा भेटे।


???
यो साँचो हो, राजाका छोरा वनको एउटा रूखमा आफ्नै कपालमा झुण्डिएका छन् ।
के अरे ? अनि तिमीले किन प्रहार गरेनौ त ?
एक हजार सिक्कै दिए पनि म राजपुत्रलाई मार्ने थिइनँ ।
तपाईं र हामी सबैले राजाको हुकूम सुनेकै छौँ त ।
यदि मैले त्यसो गरेको भएतापनि तपाईंले मलाई नचिन्नुभएको जस्तो व्यवहार गर्नु हुनेथियो ।
तँसित म आफ्नो समय खेर फाल्न चाहन्नँ !
राज्य हत्याउन विद्रोह गर्नेलाई यस्तो सजाय दिइन्छ
ऊ मरेको छ किन छैन, राम्ररी याद गर


हाम्रो विजयको खबर राजालाई दिन म दगुरी जानेछु
आज होइन, अहीमास । राजाको छोरा आज मरेको छ । अर्को दिन समाचार लगे हुन्छ ।
जा, तैंले देखेको कुरा गएर राजालाई सुनाइदे ।
जे भएतापनि मलाई कुशीको पछिपछि दगुरेर जान दिनुहोस् ।
किन ? तिम्रो समाचारको निम्ति तिमीले केही इनाम पाउनेछैनौ ।
जे सुकै होस् । म कुदेर जानेछु ।
त्यसो भए जाऊ ।
तर अहीमास अलग्गै बाटो भएर गए र त्यस कुशीलाई उछिने ।
युद्धबाट एउटा सैनिक केही खबर लिएर आएका छन् !
यदि त्यो एक्लै छ भने त्यसले केही असल खबर ल्याएको छ होला ।


अर्को एक जना मानिस पनि एक्लै कुद्दै आइरहेको छ।
त्यसले पनि राम्रो समाचार ल्याउँदै होला।
पहिलो व्यक्ति अहीमास जस्तै दौडिँदै छ।
असल मानिस शुभखबरसहित!
सबै कुशलै छ!
हजूरको विरुद्धमा उठ्ने मानिसहरूलाई परमप्रभुले हजूरको हातमा सुम्पिदिनुभएको छ।
अनि त्यो जवान मानिस अब्शालोम कुशलै छ?
राजालाई खबर लिएर आउने बेलामा त्यहाँ ठूलो खैलाबैला भएको थियो।
त्यता गएर उभि।
महाराज, शुभ खबर सुन्नुहोस्।
हजूरको विरुद्धमा उठ्ने सबैबाट परमप्रभुले आज तपाईंलाई उद्धार गर्नुभएको छ।
अनि जवान मानिस अब्शालोम, के उनी कुशलै छन् त?
राजाका सबै शत्रुहरू जो हजूरको हानि गर्न खोज्छन् उनीहरूको दशा पनि त्यस जवान मानिसको जस्तै होस्।


हे मेरा छोरा अब्शालोम !
तेरो सट्टामा मै मरेको भए त हुने थियो ।
हजूरले त हजूर र हजूरको परिवार लाई बचाउन आफ्नो ज्यान जोखिममा हाल्ने हजूरका मानिसहरूलाई लज्जित तुल्याउनुभयो ।
हजूरलाई घृणा गर्नेहरूलाई हजूर प्रेम गर्नुहुन्छ र हजूरलाई प्रेम गर्नेहरूलाई हजूर घृणा गर्नुहुन्छ ।
आज अब्शालोम बाँचेर हामी मरेका भए चाहिँ हजूर खुशी हुनुहुन्थ्यो जस्तो पो मलाई लाग्छ !
यदि हजूरले बाहिर गएर आफ्ना मानिसहरूलाई उत्साह दिनुभएन भने आज राति एउटै मानिस पनि हजूरसँग हुनेछैन ।
हजूरले अहिलेसम्म भोग्नुभएका सबै सङ्कष्टहरूभन्दा यो सङ्कष्ट चाहिँ सबैभन्दा खराब हुनेछ ।
राम्रो कुरा, राजा मूलढोकामा बसिर हनुभएको छ ।
हामीले उहाँको निम्ति राम्रो लडाइँ लड्यौँ भनी राजालाई थाहा छ ।




२ शमूएल १९:११–४०


किन यहूदाका मानिसहरूले राजा र उहाँको परिवारलाई लगेर यर्दन पारि ल्याए ?
राजलाई फर्काइल्याउने कुरा के हामीले पहिले निकालेका थिएनौँ र ? र हामी दश कुलहरूको राजामा दश भाग छन् ।
राजा हाम्रा नजिकका नातेदार हुन्, तैपनि हामीले हाम्रो निम्ति केही उपहार लिएका छैनौँ ।
इस्राएलका मानिसहरू आउनुहोस् । हाम्रो दाऊदमा केही भाग छैन ! यिशैको छोरामा हाम्रो केही अधिकार छैन !
अब्शालोमसित सुत्ने उपपत्नीहरूलाई घरमै नदरबन्दी गरिनेछ ।
तिनीहरूलाई भोजनको बन्दो बस्त गरिनेछ तर तिनीहरू मृत्यको दिनसम्मै नजरबन्द र हनेछन् ।
अमासा, यहूदाका मानिसहरूलाई भेला गराऊ र तँ आफै पनि मलाई आएर भेट् । हामी तीन दिन भित्र त्यसलाई खेद्नेछौ ।


अबीशै, योआब र हाम्रा उत्तम फौजलाई लिएर जा। अमासाले तीन दिनभन्दा बढी लगायो।
शेबालाई पछिपछि खेद्, नत्रता त्यसले कुन पर्खाल भएको सहर भेट्टायो भनेता त्यसले अब्शालोमले भन्दा बढी हानि गर्नेछ।
अन्त्यमा, अमासा उसका सेनासहित आइपुगे।
घोडा र मानिसहरूलाई यतैतिर विश्राम गराऊ। म चाहिँ अमासासित कुरा गर्न जानेछु।
अमासा, तिमीसित मलाई गुप्तमा केही कुरा गर्नुछ.....तिम्रो लागि मसित केही सन्देश छ.....
UUGGGHH
SHHKK
माथि उक्लौं, हामीले शेबालाई भेट्टाउनुपर्छ।
जो योआबको पक्षमा छन् र दाऊदको पक्षमा छन्, तिनीहरूले योआबलाई पछ्याऊन्।



सेनापति योआब र सेनापति अबीशै, सबै कुरा ठीक छ। साँझसम्ममा ढोका भत्किनेछ भनी जेबुलूनका मानिसहरूले आशा गरेका छन्।
शेबालाई संरक्षण दिएको मा हाबिल बेथ माकाका मानिसहरूले अब मूल्य तिर्नेछ।
सुन्नुहोस् त, तपाईंको दासीले केही भन्न खोज्दैछ।
अँ, म सुन्दैछु।
हाम्रो सहर इस्राएलमा आमा मानिन्छ। किन शान्तिप्रिय र राजभक्त सहरलाई नष्ट चाहानुहुन्छ?
नष्ट गर्नुचाहिँ म बाट परै रहोस्। तर तपाईंहरूले बिक्रीका छोरा शेबालाई संरक्षण दिइरहनुभएको छ जसले राजा दाऊदको विरुद्धमा हात उठाएको छ।
उसलाई हाम्रो हातमा सुम्पिदेऊ र हामी यहाँबाट जानेछौँ।
हामी उसको शिर पर्खालबाट तपाईंकहाँ फ्याँकिनेछ।
तुरही बजाओ र यहाँबाट हामी जाऔँ। हामी यरूशलेम फर्किनेछौँ।




दाऊदको राजकालको तीन वर्षसम्म लगालग भीषण अनिकाल पऱ्यो ।
र राजाले यसको कारण परमप्रभुसित खोजे ।
तपाईं गिबानीहरूको विरुद्धमा शाऊलले गरेको पापको निम्ति हाम्रा मानिसहरूले दुःख पाइरहेका छन् भनी परमप्रभुले मलाई प्रकट गर्नुभएको छ ।
तपाईंहरू सुरक्षित रहनुहुनेछ भनी यहोशूले प्रतिज्ञा गरेका थिए तर शाऊलले तपाईंका मानिसहरूलाई खतम गर्ने कोशिश गरे ।
हामीलाई भन्नुहोस्, हामीले कसरी प्रायश्चित गरेर यस धब्बालाई हाम्रो देशबाट हटाउन सक्छौँ ?
शाऊलको घरानाबाट सुन वा चाँदीको माग गर्ने अधिकार हाम्रो छैन – न त हामीले कसैलाई मार्न नै सक्छौँ ।
म तपाईंहरूको लागि के गरौँ त ?
शाऊलका सात छोराहरूलाई गिबामा परमप्रभुको सामुन्ने मारेर खुलस्त गराइयून् ।
हुन्छ, त्यस्तै होस् ।
गिबोनीहरूले सात जनालाई पहाडमा मारेर खुलस्त गराइदिए । पाँच जना शाऊलकी छोरी मेराबका छोराहरू थिए र दुई चाहिँ उनका उपपत्नी रिस्पाका छोराहरू थिए ।


तर शाऊलका उपपत्नी रिस्पा दिन र रात मृत शरीरहरूलाई रेखदेख गर्न बसिन्
तिनले जँगली जनावरहरूलाई ती सात जनाको शरीर छुन दिइनन् ।
शाऊलको उपपत्नीले जे गरेकी थिई, त्यसको खबर दाऊदका अधिकारीहरूले ल्याए ।
याबेश-गिलादका मानिसहरूले पलिश्तीहरूबाट चोरेर लगेका शाऊल र जोनाथनका हड्डीहरू, साथै मारेर खसालिएका ती मानिसहरूका हड्डीहरू पनि जम्मा गर
र तिनीहरूले ती मानिसहरू, शाऊल र जोनाथनका हड्डीहरू शाऊलका पिता कीशको चिहानमा गाडे ।
त्यसपछि देशको निम्ति चढाएको प्रार्थना ग्रहण गर्नुभयो ।


फेरि पलिश्ती र इस्राएलीहरूका बीचमा लडाइँ चम्कियो। पलिश्तीहरूका साथमा रफाका सन्तानहरू थिए जो दैत्य झैं थिए।
तर दाऊद आफ्ना मानिसहरूसित युद्धमा गए।
र लडाइँ गर्दागर्दै राजा अति थकित भए अनि जोखिममा परे।
अबदेखि हजूर कहिल्यै हामीसित युद्धमा जानुपर्दैन।
हजूर मर्न इस्राएलको प्रकाश नै निभ्नु हो।


गोबको लडाइँमा सिब्बकैले रफाका सन्तान सफ लाई मारे ।
तिनीहरूले अर्का दैत्यलाई पनि मारे जो गित्ती थिए र जसको नाउँ पनि गोल्यत थिए ।
उसको भालाका बिँड जुलाहाको लुगा बनाउने डन्डाजत्रो ठूलो थियो, तैपनि बेथलेहेमका एक सैनिकले त्यसलाई मार्न सफल भए ।
पलिश्तीहरूको इलाका गातमा तिनीहरूले एउटा दैत्य भेटे जसको हात र खुट्टामा छ-छ वटा औँला थिए ।
दाऊदका भतिजो जोनाथनले त्यसलाई मारे ।
यी सबै दैत्यहरू दाऊदका मानिसहरूका हातबाट मारिए ।


दाऊदका सैनिकहरू तथा अगुवाहरूमध्ये तीस जनाको नाउँ अमर कहलियो र तिनीहरूलाई सदासर्वदा तीस  भन्ने उपनाम दिइयो ।
तीसमध्ये तीनलाई तीन भन्ने उपनामद्वारा प्रसिद्ध भए ।
तिनीहरूमध्ये पहिलो योशेब-बश्शेबेत थिए जसले ८०० मानिसहरूलाई भाला चलाएर मारेका थिए ।
तीनजना मध्ये दोस्रो चाहिँ एलाजार थिए । जब इस्राएलीहरू पछि हटे, तब तिनी एक्लै रणभूमिमा खडा भइबसेका थिए ।
तिनले नथाकञ्जेल पलिश्तीहरूलाई तरवारले प्रहार गरी नै रहे, यहाँसम्म कि तिनको हातमा तरवार टाँसिएको थियो । बाँकी इस्राएलीहरू मारिएकाहरूलाई लुट्न मात्रै आएका थिए ।
तेस्रो थिए शम्मा जो दालको एउटा खेतको रक्षार्थ त्यहीँ अडिएर बसे र ठूलो विजय पाए ।
योआबका भाइ अबीशै यी तीनजनाभित्र नपरेतापनि तीनजनामाथिका प्रमुख थिए ।
तिनले ३०० जनाको विरुद्धमा भाला चलाएर तिनीहरूलाई मारेका थिए ।


बनायाहले हिउँ परेको बेलामा
खाडलमा झरेर एउटा सिंहलाई
मारेका थिए।
तिनले एउटा ठूलो आकारको
एउटा मिश्रीसित सामना गरे
जससित एउटा भाला थियो।
तिनीसित एउटा लाठो मात्र
थियो तर तिनले ती मिश्रीबाट
भाला खोसेर त्यसलाई
मारेका थिए।
दाऊदले तिनलाई आफ्नो अङ्गर
क्षकको जिम्मा दिए।
त्यस समूहमा हित्ती उरियाह लगायत
जम्मा सैँतीस जना थिए।


परमेश्वर इस्राएलका मानिसहरूसित फेरि रिसाउनुभयो र दाऊदलाई तिनीहरूका विरुद्धमा सुऱ्याउनुभयो ।
सेनाको संख्यामा होइन, परमेश्वरले उहाँमाथि भरोसा राखेको चाहनुहुन्छ, त्यसैले सेनाहरूको गन्ती गरेको परमेश्वर चाहनुहुन्न भन्ने कुरा जान्दाजान्दै पनि दाऊदले यो आज्ञा जारी गरे ........
इस्राएलका बाह्रैवटा कुलहरूकहाँ जाऊ, इस्राएलमा रहेका लडाकु मानिसहरूको गन्ती गर र ती कति रहेछन् म जान्न सकूँ ।
परमेश्वरले हजूरको फौजलाई १०० गुणा वृद्धि गरिदेऊन् र हजूरका आँखाले ती देखून् तर त्यस्तो काम हजूरबाट नहोस् ।
योआबले त्यसको विरोध गरे किनकि परमेश्वरले त्यसो गर्न मनाही गर्नुभएको कुरा उनलाई थाहा थियो तर दाऊदको आज्ञा योआबमाथि प्रबल भयो ।
योआबले तिनलाई भनिएजस्तै गरे र यो प्रतिवेदन ल्याए : इस्राएलमा ८ लाख लडाकू मानिसहरू र यहूदामा चाहिँ ५ लाख छन् ।
मैले ठूलो पाप गरेको छु । म बिन्ती गर्छु मेरो दोष हटाइदिनुहोस् । मैले साह्रै मूर्ख काम गरेको छु ।



परमप्रभुको वचन अगमवक्ता गातकहाँ आयो ।
दाऊदलाई यी तीन विकल्पहरू दे :
के देशमा तीन वर्षसम्म अनिकाल परोस् ?
वा तीन महिनासम्म तँ तेरा शत्रुहरूबाट भागीभागी हिँड्न परोस ?
वा तेरो देशमा तीन दिनसम्म रूढी चलोस् ?
हामीलाई परमप्रभुको हातमा पर्न नै बेस् होला.....उहाँको करूणा महान् छ र तर हामीलाई मानिसहरूको हातमा पर्न नदिनुहोस् ।
त्यसैले परमप्रभुले रूढीद्वारा मानिसहरूलाई नाश गर्न एउटा स्वर्गदूत पठाउनुभयो र ७०,००० मानिसहरू मरे ।
जब स्वर्गदूतले यरूशले म नष्ट गर्न आफ्नो हात पसारे, तब परमेश्वर बोल्नुभयो.......
"बस् भयो ! तिम्रो हात थाम ।"


जब दाऊदले स्वर्गदूतलाई यबूसी अरौनाको खलाको छेउमा देखे, तब उनले ठूलो सोरमा भने,
दोषी त म नै हुँ, यी मानिसहरू त भेडाहरू जस्तै हुन् ।
तपाईंको हात म र मेरो घरानामाथि
गएर यबूसी अरौनाको खलामा प्रभुको निम्ति एउटा वेदी बनाउनुहोस् ।
मलाई तपाईंको खला बेच्नुहोस् र म यहाँ एउटा वेदी बनाउन सकूँ ताकि मानिसहरूमाथि चलेको यो रूढी बन्द होस् ।
बिन्ती छ, सबै लानुहोस् – होमबलिको निम्ति गोरुहरू र दाउराको निम्ति तिनका जुवा र दाइँ गर्ने काठहरू छन् ।
होइन, म ती तिमीबाट किन्नेछु ।
पैसा नपरेको चीज लिएर म परम्प्रभु मेरा परमेश्वरलाई बलिदान चढाउनेछैनँ ।
त्यहाँ तिनले परम्प्रभुको निम्ति एउटा वेदी बनाए र होमबलि र मेलबलिहरू चढाए ।
देशको निम्ति तिनले गरेको प्रार्थना परम्प्रभुले सुन्नुभयो र रूढी थामियो ।


भजनसंग्रह
भजनसंग्रह रचना गर्ने सात जनाभन्दा बढी रचनाकारहरू भएतापनि यसले परमेश्वरलाई नै लेखकको रुपमा औंल्याउँदछ ।
१५० भजनहरूमध्ये दाऊद राजाले कम्तीमा ७३ भजनहरू लेखे ।
पचास वटा भजनहरू लेख्नेहरूका नामहरू अज्ञात छन् । कतिले एज्रा नै यसका लेखक हुन् भनी विचार गर्छन् ।
भजनसंग्रह मोशाको समयदेखि निर्वासनपछिसम्म झण्डै ९०० वर्षको इस्राएली इतिहासको समयावधिभित्र लेखिएको हो ।
वास्तविक संसारमा वास्तविक जीवन जिउने क्रममा अलौकिक आत्मिक वास्तविकताले लौकिक वास्तविकतालाई अतिक्रमण गर्छ भन्ने भजनसंग्रहको मुख्य विषयवस्तु रहेको छ ।
भजनसंग्रहका केही अन्य वर्गीकरणहरू यसप्रकार छन्......
प्रशंसाका भजनहरू.....
परमप्रभुमा आनन्दसित भजन गाओ । सोझो मन भएकाहरूले उहाँको स्तुति गर्न सुहाउँदो छ ।
त्यो जाति धन्यको हो, जसको परमेश्वर परमप्रभु हुनुहुन्छ । ती मानिसहरू जसलाई आफ्नो उत्तराधिकारको निम्ति उहाँले चुन्नुभयो ।




भजनसंग्रह ४४:१० ; ७२:१ ; १३२:१ ; १३३:१


भजनसंग्रह २२ मा पन्ध्र वटा ख्रीष्टसम्बन्धी उद्धरण अर्थात् संकेतहरू छन् जसमा विलापदेखि प्रशंसा र धन्यवादसम्मको विषयवस्तुहरू छन् ।
हे मेरा परमेश्वर, हे मेरा परमेश्वर, तपाईंले मलाई किन त्याग्नुभएको छ ?
भजनसंग्रह २२:१ -- "हे मेरा परमेश्वर, हे मेरा परमेश्वर, तपाईंले मलाई किन त्याग्नुभएको छ ?"
भजनसंग्रह २२:१४ -- "म त पानी झैं पोखिएको छु र मेरा सारा हड्डीका जोर्नीहरू फुस्केका छन् ।"
त्यसले परमप्रभुमाथि भरोसा गर्दछ, त्यसलाई उहाँले नै छुटाऊन् । उहाँले नै त्यसको उद्धार गरून्, किनकि त्यससँग उहाँ प्रसन्न हुनुहुन्छ ।
भजनसंग्रह २२:१४ -- मलाई देख्नेहरू जति सबैले मेरो ठट्टा गर्छन्, तिनीहरू ओठ लेब्र्याउँछन् र मुन्टो बटार्दै भन्छन्, "त्यसले परमप्रभुमाथि भरोसा गर्दछ, उहाँले नै त्यसको उद्धार गरून् किनकि त्यससँग उहाँ प्रसन्न हुनुहुन्छ ।"
भजनसंग्रह २२:१६ -- "कुकुरहरू मेरो चारैपट्टि छन्, कुकर्मीहरूको समूहले मलाई घेरेको छ, तिनीहरूले मेरा हात र मेरा खुट्टा छेडेका छन् ।"
भजनसंग्रह २२:१६ --"तिनीहरू मेरा वस्त्रहरू आपसमा बाँड्छन् र मेरा पोशाकको निम्ति तिनीहरूले चिट्ठा हाल्छन् ।"


एउटा सुप्रसिद्ध भजन २३ हो जहाँ दाऊदले उनीप्रतिको परमेश्वरको विश्वासयोग्यतालाई वर्णन गरेका छन् ।
"परमप्रभु मेरा गोठाला हुनुहुन्छ, मलाई केही कुराको अभाव हुँदैन । उहाँले मलाई हरियो खर्कमा लेटाउनुहुन्छ र मलाई शान्त पानीको छेउमा डोर्‍याउनुहुन्छ । उहाँले मेरो प्राणलाई पुनर्जीवित पार्नुहुन्छ ।"
"उहाँले आफ्नो नाउँको खातिर मलाई धार्मिकताको मार्गमा डोर्‍याउनुहुन्छ । मृत्युको अन्धकारमय घाटी भएर जानुपरे तापनि म कुनै खतरादेखि डर ाउनेछैनँ, किनकि तपाईं मेरो साथमा हुनुहुन्छ , तपाईंको लट्ठी र तपाईंको लहुरोले मलाई सान्त्वना दिन्छन् ।"
"मेरा शत्रुहरूका सामुन्ने तपाईंले मेरो निम्ति भोज तयार पार्नुहुन्छ ।"
"तपाईंले मेरो शिर तेलले अभिषेक गर्नुहुन्छ, मेरो कचौरो भरिएर पोखिन्छ"
"निश्चय नै तपाईंको भलाइ र करुणा मेरो जीवनभरि मपछि लाग्नेछ, र परमप्रभुको घरमा म सदासर्वदा वास गर्नेछु ।"